# सडक बोर्ड नेपाल

(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)
मिनभवन, काठमाडौं

प.सं. ०७७/०७८
च.नं. १६८

मिति : २०७७ / ६ /१५

विषय: निर्णय उतार गरी पठाइएको ।

श्री सम्बन्धित नगर कार्यपालिकाको कार्यालय (सबै)

श्री सम्बन्धित गाउँ कार्यपालिकाको कार्यालय (सबै)

प्रस्तुत विषयमा सडक बोर्ड नेपाल कार्यकारी समितिको मिति २०७७/६/१२ को १५२ औं बैठक बाट स्थानीय तह अन्तर्गत सञ्चालित सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन एवं गत विगत आर्थिक बर्षको हिसाव फरफारकको सम्बन्धमा भएको निर्णय देहाय बमोजिम उतार गरी आवश्यक कार्यार्थ पठाइएको ब्यहोरा अनुरोध छ ।

निर्णय नं.४ विविध निर्णयहरु:

(ख) स्थानीय सडक मर्मत संभारको सहमति तथा स्वीकृति सम्बन्धमा ।

"विश्वभर फैलिएको नोबेल कोरोना भाईरस (कोभिड-१९) को संक्रमण नेपालमा पनि फैलिई मुलुकमा विषम परिस्थितिको सृजना भएको कुरा लाई दृष्टिगत गरी बोर्ड कार्यकारी समितिको मिति २०७७/३/४ को निर्णयानुसार आ.व. २०७६/०७७ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि स्थानीय तह तर्फ बिनियोजित बजेट बमोजिम २०७७ असार मसान्तभित्र प्राप्त भएका कार्यक्रमहरुलाई सहमति तथा स्वीकृति प्रदान गर्ने र उक्त बार्षिक/संशोधित कार्यक्रमहरु २०७७ कार्तिक मसान्तभित्र सम्पन्न गर्न-गराउन बोर्ड सचिवालयलाई निर्देशन दिने निर्णय गरिएको थियो । तर नोबेल कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको जोखिम दिदानुदिन बढ्न गई मुलुकमा असामान्य स्थिति श्रृजना भएकोले स्थानीय सडक मर्मत संभार कार्यक्रम कार्यान्वयनमा समेत असर परेको/पर्न जाने देखिएको हुँदा २०७७ अषाढ मसान्त भित्र प्राप्त हुन आएका बार्षिक/संसोधित बार्षिक कार्यक्रमहरुलाई २०७७ कार्तिक मसान्त भित्र सहमति/स्वीकृति प्रदान गरी उक्त कार्यक्रमहरु चालु आर्थिक बर्षको फागुन मसान्त भित्रै सम्पन्न गर्न गराउन बोर्ड सचिवालयलाई निर्देशन दिने निर्णय गरियो । साथै, गत आ.व. २०७६/०७७ मै सहमति भै कार्य सम्पन्न गरी निकासा माग गरेका निकायहरुको हकमा नियमानुसार रकम निकासा उपलब्ध गराउने निर्णय गरियो ।"

(घ) स्थानीय सडक मर्मत संभारको हिसाव फरफारक सम्बन्धमा ।

"स्थानीय तहहरुलाई विगत आ.व.मा बोर्ड द्वारा उपलब्ध गराईएको निकासा रकमको हिसाव फरफारक गर्न आ.व. २०७६/०७७ अषाढ मसान्त भित्र समय-सीमा तोकिएकोमा केही निकायहरु बाट पूर्ण रुपमा तोकिए बमोजिमका यथेष्ट कागजातहरु प्राप्त नभएकोले हिसाब फरफारक गर्नको लागि २०७७ फागुन मसान्त सम्मको समय-सीमा निर्धारण गर्ने निर्णय गरियो ।"

इ. सागर ज्ञवाली
नि. कार्यकारी निर्देशक

सादर अवगतार्थ:

श्रीमान् अध्यक्ष ज्यू, सडक बोर्ड नेपाल ।

बोधार्थ :

श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।

श्री प्रशासन शाखा: उपरोक्तानुसारको पत्र बोर्डको website मा upload हुन ।

अरनिको भवन, मिनभवन पो.व.नं. ११४०६, काठमाडौं, नेपाल, फोन नं. ४४९३५१५, ४४९३५२९, ४४९३५३९
फ्याक्स नं. : +९७७-१-४४९३५४२, ४४६०८७१, इमेल : roadsboardnepal.org@gmail.com
वेभसाइट : www.rbn.org.np